# ललितपुर महानगरपालिका

## यल महानगरपालिका

# स्थानीय राजपत्र

**ललितपुर महानगरपालिकाद्वारा प्रकाशित**

वर्ष ३, अतिरिक्ताङ्क १, ल.पु.म.न.पा., स्थानीय राजपत्र, भाग-२, मिति २०७७/२/३०

## भाग-२

## ललितपुर महानगरपालिका
## बाँझो जग्गा व्यवस्थापन सम्वन्धी निर्देशिका, २०७७

**प्रस्तावना :** ललितपुर महानगरपालिकाको कृषि नीति, २०७६ मा नगरभित्र जग्गा बाँझो नराख्ने नीति अनुसार महानगरक्षेत्र भित्रका खाली निजी जग्गाहरुमा मौसमी खेती गरी व्यवस्थित ढंगबाट कृषि उत्पादन गरी नगरलाई कृषि उत्पादनमा

आत्मनिर्भर बनाउने प्रयास स्वरुप स्वच्छ र सफा वातावरण कायम गर्न बाञ्छनीय भएकोले ललितपुर महानगरपालिकाको प्रशासकिय कार्यविधि नियमन गर्ने ऐन, २०७४ बमोजिम बाँझो जग्गा व्यवस्थापन सम्वन्धी निर्देशिका, २०७७ तयार गरिएको छ ।

## परिच्छेद- १

**(१) संक्षिप्त नाम र प्रारम्भ :**

१) यस निर्देशिकाको नाम "बाँझो जग्गा व्यवस्थापन सम्वन्धी निर्देशिका, २०७७" रहेको छ ।

२) यो निर्देशिका नगरकार्यपालिकाबाट पारीत भएपछि प्रारम्भ हुनेछ ।

(२) **परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा -

(क) "प्रमुख" भन्नाले ललितपुर महानगरपालिकाका प्रमुखलाई सम्झनु पर्छ ।

(ख) "उपप्रमुख" भन्नाले ललितपुर महानगरपालिकाका उपप्रमुखलाई सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले ललितपुर महानगरपालिकालाई सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ललितपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) "वडा अध्यक्ष" भन्नाले ललितपुर महानगरपालिकाका २९ सै वडाका वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(च) "कृषि प्रमुख" भन्नाले ललितपुर महानगरपालिकाका कृषि शाखा प्रमुख लाई सम्झनु पर्छ ।

(छ) "बाँझो जग्गा" भन्नाले महानगर क्षेत्रभित्र खेती नगरेको/बाली नलगाएको खाली जग्गा लगायत घरघडेरीको जग्गा समेतलाई जनाउँछ ।

(ज) "जग्गाधनी" भन्नाले जग्गाको कानून बमोजिम स्वामित्व भएको व्यक्तिलाई जनाउँछ ।

(झ) "श्रमिक" भन्नाले अन्यको जग्गामा आफ्नो परिश्रमले काम गरी कृषि बाली लगाउने व्यक्ति जनाउँछ ।

(ञ) "कृषक" भन्नाले कृषि व्यवसाय गर्ने व्यक्ति समेतलाई सम्झनु पर्छ ।

## परिच्छेद- २

### (३) खाली जग्गा पहिचान गर्ने सम्वन्धी व्यवस्था -

क) महानगरपालिकाका प्रत्येक वडाले आफ्नो वडा भित्र रहेको बाँझो जग्गाहरुको लगत अध्यावधिक गर्नु पर्नेछ ।

ख) सार्वजनिक सूचना प्रकाशित गरी सम्वन्धित जग्गा धनीहरुलाई वडामा रेकर्ड अध्यावधि गर्न लगाइनेछ ।

ग) वडावासीहरुले दिएको सुचना समेतका आधारमा स्थलगत निरिक्षण गरि अध्यावधि गर्न सकिनेछ ।

**(४) खाली जग्गा व्यवस्थापन -**

क) जग्गा धनी स्वयंलाई आफ्नो बाँझो जग्गामा मौसमी खेती गर्न अभिप्रेरित गर्ने,

ख) जग्गा धनीले आफै व्यवस्थापन गर्न नसकेमा वडाबाट अन्य श्रमिकहरुलाई मौसमी खेती गर्न सहमती दिन सकिने, यसरी सहमती दिँदा सधियारलाई प्राथमिकता दिने ।

ग) त्यस्तो खेती गर्न इच्छुक कृषक वा श्रमिकलाई त्यस्तो जग्गाको भौतिक संरचना साँध सिमानामा असर नपर्ने गरी व्यवस्थापन गर्न वडाबाट सहमति दिने ।

घ) वडाबाट सहमति प्राप्त गरेपछि उक्त जग्गामा बाली लगाए बापत जग्गा धनिले एक वाली सम्म कुनै क्षतिपूर्ति दाबी गर्न नपाउने ।

ङ) त्यस्तो खाली जग्गामा मौसम अनुसारको तरकारी खेती गर्नलाई प्राथमिकता दिने ।

## परिच्छेद- ३

**(५) घना बस्तीभित्र खाली जग्गा नहुनेहरुको लागि कौसी खेती सम्वन्धी व्यवस्था -**

क) आफ्नो खाली जग्गा नभएका, तर तरकारी खेती गर्न इच्छुक कृषकलाई कौसी खेती/करेसा बारी खेती गर्न अभिप्रेरित गर्ने,

ख) कौसी खेती/करेसा बारी खेती गर्न चाहनेलाई सो सम्वन्धी तालिम उपलब्ध गराउने,

ग) उत्पादित कृषि सामानहरुको बजारीकरण गर्न आवश्यक व्यवस्था मिलाउने ।

घ) दिगो रुपमा कौसी खेती गर्न इच्छुक व्यक्तिलाइ मल वनाउने डस्टविन लगायत प्राविधिक सहयोग समेत उपलव्ध गराउन सकिने छ ।

## परिच्छेद- ४

(६) **प्रोत्साहन/अनुदान सम्वन्धी व्यवस्था -**

१) मौसमी खेती र कौसी खेती/करेसा बारी खेती गर्न चाहने व्यक्ति वा समुह वा श्रमिकलाई वडा कार्यालयबाट देहाय बमोजिम अनुदानको व्यवस्था गर्न सकिनेछ । कोरोना महामारी वा त्यस्तै महामारीको विपद्को समयमा वडा कार्यालयबाट सोभ्कै सामग्री खरीद गरी उपलव्ध गराईनेछ ।

(क) खेती गर्दा आवश्यक पर्ने सानातिना कृषि औजार बाहेक बारी खनजोत गर्दा चाहिने ठुला कृषि औजार (ट्याक्टर समेत) खरीदमा शत प्रतिशत अनुदान उपलव्ध गराउने र त्यसरी खरिद गरीएका कृषि औजार वडाकै सम्पत्ति हुनेछ ।

(ख) जग्गा खन जोत गर्दा लाग्ने पारिश्रमिकमा नगद प्रति रोपनी रु. १५०/- अनुदान उपलव्ध गराइनेछ ।

(ग) कोरोना भाइरस संक्रमण बर्षमा दिने बिउ बिजनमा शत प्रतिशत अनुदान दिनेप्रति के.जी. २० प्रतिशत अनुदान दिइनेछ ।

(घ) कौसी खेतीको लागि प्रति घर एक (१) प्याकेट तरकारीको बिउ निःशुल्क उपलब्ध गराइनेछ ।

(ङ) रासायनिक मलमा प्रति बोरा रु. १००/- अनुदान दिइनेछ ।

(च) कोरोना भाइरस संक्रमण बर्षमा दिने प्राङ्गारिक मलमा शत प्रतिशत अनुदान र अर्को आ.व. देखि २० प्रतिशत रकम राजश्वमा दाखिला गरेको रसिद ल्याएपछि ८० प्रतिशत छुट दिईमात्र प्राङ्गारिक मल पाउनेछ ।

(छ) कृषि औजार खरिद र अनुदानको बारेमा आर्थिक समितिबाट निर्णय भई कार्यपालिकाबाट अनुमोदन गर्नु पर्नेछ ।

(ज) माथि उल्लेखित प्रोत्साहन तथा अनुदानमा विनियोजित रकम अनुसारका सामानहरु वडाबाट खरिद गरी भुक्तानीका लागी महानगरमा पठाइनेछ ।

(झ) आर्थिक वर्षमा उत्कृष्ट कृषक छनौट गरी विशेष पुरुस्कृत गरिनेछ ।

(ञ) बाँझो जग्गामा वा कौसी खेतीमा कृषक आफैँले स्थान अनुकुल हुने गरी के वा कुन बाली लगाउने सो को छनौट गर्न सक्नेछ ।

(ट) यसरी खेती गर्दा मौसमी तरकारी खेतीलाई प्रोत्साहन गरिनेछ ।

(२) अनुगमन र प्रतिवेदन सम्बन्धी व्यवस्था

(क) कृषिमा दिएको अनुदानको सहि कार्यान्वयन भए नभएको बारेमा अनुगमन गर्ने काम वडा समिति र आर्थिक समितिको हुनेछ । संचालन गरेको खेती वा व्यवसायको विवरण सहितको प्रगति तथा आर्थिक विवरण वडा तथा आर्थिक समितिले चौमासिक र वार्षिक रुपमा नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद- ५

**(७) दण्ड सजाय सम्वन्धी व्यवस्था -**

**(क) कुनै जग्गाधनिले आफ्नो खाली जग्गामा आफै वा अरु कोही मार्फत खेती नगरीराखेमा वा वडाको अनुरोध समेतलाई अटेर गरी जग्गा बाँझो राखेमा त्यस्ता जग्गाधनिलाई नगर प्रमुखबाट रु. १०,०००/- सम्म जरीवाना हुनेछ ।**

ख) कुनै कृषकले अनुदान प्राप्त गरेपछि तोकिए बमोजिम कार्य नगरेमा वा वडामा कबुल गरे बमोजिम खेती नगरेमा सम्वन्धित वडाबाट स्थलगत सर्जमिन समेत

गरी सिफारिस गरेमा नगरप्रमुखबाट उक्त जग्गामा उत्पादन हुने बालीको मूल्याङ्कनका आधारमा वा अनुदानको आधारमा तीन दोब्बरसम्म बिगो कायम गरी रु.५०००।–सम्म जरिवाना गर्न सकिनेछ ।

ग) सजाय गर्नु पूर्व सुनुवाईको मनासिब मौका दिइने छ ।

## परिच्छेद- ६

**(८) विविध -**

क) बाँझो जग्गा मौसमी खेतीका लागि उपलब्ध गराई पाउ भन्ने निवेदनको ढाँचा अनुसूची - १ बमोजिम हुनेछ ।

ख) सहमतिपत्रको ढाँचा अनुसूची -२ बमोजिम हुनेछ ।

ग) सार्वजनिक सूचनाको ढाँचा अनुसूची -३ बमोजिम हुनेछ ।

(दफा ८ (क) सँग सम्बन्धित)

अनुसूची - १

श्रीमान वडा अध्यक्ष ज्यू,
.......नं. वडा कार्यालय,
.........., ललितपुर ।

विषय :- सहमति पाउ ।

प्रस्तुत विषयमा ललितपुर जिल्ला साविक .................... गा.वि.स. वडा नं. .... कि.नं. .................. हाल ललितपुर महानगरपालिका वडा नं. .........क्षेत्रफल .................. को जग्गामा मलाई मौसमी खेती गर्ने इच्छा भएको हुँदा सहमति पाउन अनुरोध गर्दछु ।

प्रमाणित कागजात

क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

ख) निवेदकलाई चिन्ने स्थानीय व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

निवेदक

.............. ..............

(दफा ८ (ख) सँग सम्बन्धित)

अनुसूची - २

श्री.................................

....................................

सहमति प्रदान गरिएको बारे

उपरोक्त सम्वन्धमा तपाईले यस वडामा पेश गर्नु भएको निवेदन अनुसार तपाईलाई ललितपुर जिल्ला साविक ...................... गा.वि.स. वडा नं. .... कि.नं. .................... हाल ललितपुर महानगरपालिका वडा नं. .........क्षेत्रफल .................. को पूर्व ............................., पश्चिम ..............................., उत्तर .............................. र दक्षिण ................................ यति चार किल्ला भित्रको जग्गामा मौसमी तरकारी वा बाली खेती लगाउन सहमति प्रदान गरिएकोछ ।

........................

वडाअध्यक्ष.............

वडा नं.............

मिति : २० /

(दफा ८ (ग) सँग सम्बन्धित)

अनुसूची - ३

सूचना ढाँचा

मिति : २०  /  /

यस वडा क्षेत्रभित्र रहेको निजी जग्गाहरु बाँझो नराख्ने भन्ने ललितपुर महानगरपालिकाको नीति भएको हुँदा महानगरभित्रका खाली जग्गाहरुमा अनिवार्य रुपमा मौसमी बाली लगाउने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

सम्वन्धित जग्गाधनीले आफ्नो जग्गा बाँझो नराखी बाली लगाउनु हुन अनुरोध छ । यदि कसैले बाँझो राखेको पाईएमा वडा कार्यालयले त्यस्तो जग्गा अन्य इच्छुक कृषक वा श्रमिकलाई बाली लगाउन सहमति दिने हुँदा इच्छुक कृषकले समेत सम्वन्धित वडा कार्यालयमा निवेदन पेश गर्नु हुन अनुरोध छ ।

साथै वडा कार्यालयबाट सहमति दिए पश्चात् कृषकमा श्रमिकले लगाएको एक (१) बालीसम्म जग्गाधनीले कुनै दावी विरोध गर्न नपाउने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

प्रमाणिकरण मिति :
२०७७/२/३०

**आज्ञाले,**
**प्रेम प्रसाद भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**